# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

विषयः स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक उपर राय सुझाव उपलब्ध गराइदिने सम्बन्धमा।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले तयार गरेको स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा यसैसाथ संलग्न विधेयकको मस्यौदा उपर देहायको ढाँचामा संलग्न ढाँचामा law.section@mohp.gov.np मा इमेल गरी सात दिन (मितिः२०८३/०३/०८) भित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

तपसिलः

| क.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार

<u>स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना:</u> स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम तथा प्रारम्भ</u> : (१) यस ऐनको नाम "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>बी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन</u> : बी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ११ख. को उपदफा (३) झिकिएको छ।

(२) दफा ११ग. को उपदफा (२) झिकिएको छ।

(३) दफा ११घ. खारेज गरिएको छ।

३. <u>चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधन</u> : चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को,-

(१) दफा १८ को उपदफा (३) झिकिएको छ।

(२) दफा १९ को उपदफा (२) झिकिएको छ।

(३) दफा २२ खारेज गरिएको छ।

४. <u>पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधन</u> : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को,-

(१) दफा २० को उपदफा (३) झिकिएको छ।

(२) दफा २१ को उपदफा (३) झिकिएको छ।

(३) दफा २२ को उपदफा (३) झिकिएको छ।

(४) दफा २३ को उपदफा (३) झिकिएको छ।

(५) दफा २४ को उपदफा (२) झिकिएको छ।

(६) दफा २६ खारेज गरिएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. <u>कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधन</u>: कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को,-

(१) दफा २० को उपदफा (३) झिकिएको छ।

(२) दफा २१ को उपदफा (३) झिकिएको छ।

(३) दफा २२ को उपदफा (३) झिकिएको छ।

(४) दफा २३ को उपदफा (३) झिकिएको छ।

(५) दफा २४ को उपदफा (२) झिकिएको छ।

(६) दफा २६ खारेज गरिएको छ।

६. <u>पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ मा संशोधन</u>: पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को,-

(१) दफा २३ को,-

(क) दफा शीर्षकमा रहेको "पदावधि," भन्ने शब्द झिकिएको छ।

(ख) उपदफा (१) झिकिएको छ।

(ग) उपदफा (२) मा रहेका "उपदफा (१)" मा भन्ने शब्दहरुको सट्टा "दफा २०,२१ र २२ मा" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२) बमोजिमका" भन्ने शब्दहरुको सट्टा "उपकुलपति, डीन, निर्देशक वा उपदफा (२) बमोजिमका" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २४ खारेज गरिएको छ।

७. <u>राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधन</u>: राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को,-

(१) दफा १९ को उपदफा (३) झिकिएको छ।

(२) दफा २० को उपदफा (३) झिकिएको छ।

(३) दफा २१ को उपदफा (३) झिकिएको छ।

(४) दफा २२ को उपदफा (३) झिकिएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

(५) दफा २३ को उपदफा (२) झिकिएको छ।

(६) दफा २५ खारेज गरिएको छ।